# सङ्घीय संसद्
# संसदीय सुनुवाइ समितिको

## सूचना

न्याय परिषद्को सदस्य पदमा श्री लक्ष्मी बहादुर 'निराला' खड्काको नियुक्तिका लागि सम्माननीय प्रधानमन्त्रीज्यूबाट सिफारिस भई मिति २०७६।०९।०४ गते समितिमा पत्र प्राप्त हुन आएकोले सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। उक्त पदमा उहाँलाई नियुक्ति गर्न उपयुक्त छैन भन्ने कसैलाई लागेमा स्पष्ट आधार एवं सबुत प्रमाणसहित मिति २०७६ पुस १८ गते कार्यालय समयभित्र यस समितिसमक्ष निम्न माध्यममार्फत वा सोझै समितिमा आई सूचना वा उजुरी दिन सकिने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ। यस्तो सूचना दिने सूचनादाताले आफ्नो नाम थर, वतन स्पष्ट रूपमा खुलाउनु पर्ने र निजले चाहेमा सूचनादाताको नाम गोप्य राखिने व्यहोरासमेत जानकारी गराइन्छ। साथै सतहत्तरै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूले यस सूचनालाई जिल्ला प्रशासन कार्यालयलगायत सम्भव भएसम्म अन्य सरकारी कार्यालय एवं सार्वजनिक स्थलहरूमा टाँस्ने व्यवस्था गरिदिनु हुन र यससम्बन्धी कुनै सूचना वा उजुरी प्राप्त हुन आएमा मिति २०७६ पुस १८ गते कार्यालय समयभित्र यस समितिमा आइपुग्ने गरी पठाइदिनु हुनसमेत अनुरोध छ।

### सूचना दिने ठेगाना

**संसदीय सुनुवाइ समिति**

सङ्घीय संसद् सचिवालय, सिंहदरबार।

फोन नं./फ्याक्स : ०१-४२००२७७

ईमेल : parl_hearingcommittee@parliament.gov.np